रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ रामग्राम, मंसिर ३ गते, २०८२ साल संख्या ३

**भाग-२**

## <u>लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च (GBV Platform)</u>

## <u>गठन र परिचालन कार्यविधि २०८२</u>

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/०३**

<u>**प्रस्तावना:**</u> लैंगिक हिंसा न्यूनीकरणमा स्थानीय सरकारको उच्च प्राथमिकतामा रहेको विषय हो। लैंगिक विभेदको एक स्वरुपमा रहेको लैंगिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हो। यसले विशेषतः महिला र किशोरीको जीवनमा नकारात्मक असर पार्ने गरेको छ। नेपालको संविधानको धारा ३८(३) मा रहेको महिलाको हक अन्तर्गत "महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ। नेपाल, संयुक्त राष्ट्रसंघिय महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि, १९७९ को पक्ष राष्ट्र हो। संवैधानिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दायित्व पुरा गर्दै लैङ्गिक हिंसाको न्यूनीकरण तथा अन्त्यका लागि विभिन्न कानूनहरु र नीति निर्माण गरी कार्यक्रमहरु संचालन गरेका छन् ।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र विश्व बैंक बीच द्विपक्षीय सम्झौता भई लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना (IGBVRN) सञ्चालनमा रहेको छ। रामग्राम नगरपालिकामा पनि यो परियोजना संचालनमा रहेको छ। यहि परियोजना अन्तर्गत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धी विभिन्न क्रियाकलापहरु एकिकृत रुपमा सञ्चालन गर्न लैङ्गिक हिंसा विरुद्ध काम गर्ने विभिन्न सरोकारवालाहरूलाई एउटै मञ्च (Platform) मा राखेर आपसी छलफल, समन्वय, सहयोग र सहकार्य गरी चुस्त दुरुस्त सेवा प्रवाहलाई सँस्थागत गर्न वान्छनिय भएकाले रामग्राम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ अन्तर्गत दफा २४ को उपदफा (१), (२), (३) को (च), (छ), (झ) मा भएको व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग

गरी नगर कार्यपालिकाले रामग्राम नगरपालिकाको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च (GBV Platform) गठन र परिचालन कार्यविधि २०८२ लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च (GBV Platform) गठन र परिचालन कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले रामग्राम नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले रामग्राम नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले रामग्राम नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमुख र उपप्रमुख" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख र उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिकताको आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाव, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने जुनसुकै कार्य समेतलाई जनाउँदछ ।

(च) "नगरस्तरिय मञ्च (GBV Platform)" भन्नाले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि नगर स्तरमा काम गर्ने विभिन्न सरोकारवालाहरुको समन्वय र सहकार्यका लागि गठन भएको साझा मञ्चलाई सम्झनु पर्दछ।

## परिच्छेद – २
## उद्देश्य

**उद्देश्यः** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि मञ्च परिचालनका उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि प्रदेश तथा संघीय स्तरमा समन्वय र सहकार्य स्थापित गर्दै स्थानीय सेवा प्रदायक र अग्रपङ्तिमा रहेर कार्य गर्ने संघ/सँस्थाहरुसँग समन्वय गरी सुरक्षित प्रेषण र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका सेवाहरु निरन्तरताको सुनिश्चित गर्ने ।

(ख) समन्वयात्मक प्रतिकार्य र सूचनाको आदान प्रदान सुनिश्चित गर्दै (GBV) पीडित/प्रभावितहरुलाई समयमै गुणस्तरीय सेवा उपलब्ध गराउन स्थानीय स्तरमा सरोकारवालाहरुको सामूहिक योगदानलाई सुनिश्चितता प्रदान गर्ने ।

(ग) मञ्च (GBV Platform) का सबै सेवाहरु प्रभावित/पीडित केन्द्रित बनाउने, जस्तै सुरक्षा, मनोसामाजिक परामर्श, कानूनी सहायता, सुरक्षित आवास तथा जीविकोपार्जनका अवसरहरूका लागि स्थानीय स्रोत परिचालन र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(घ) लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्राविधिक र व्यवहारिक सहयोग जुटाउँदै स्थानीय नीति तथा कार्यक्रम निर्माणमा पालिकालाई रचनात्मक पृष्ठपोषण गर्ने ।

(ङ) नगरपालिकाको लैङ्गिक हिंसा न्यूनीकरण कोष व्यवस्थापन तथा परिचालनमा सहयोग र सहजिकरण गर्ने ।

## परिच्छेद- ३

## पालिकास्तरीय मञ्च (GBV Platform) गठन र सञ्चालन सम्बन्धी व्यवस्था

४. **मञ्चको संरचना (Structure)** नगर कार्यपालिकाको निर्णय मार्फत तपशिल अनुसारका क्षेत्र समेटेर प्रतिनिधित्व रहने गरी औपचारिक रुपमा मञ्च गठन हुनेछ ।

| प्रतिनिधित्व | पद | सदस्य संख्या |
|---|---|---|
| नगर उपप्रमुख | संयोजक | १ |
| महिला कार्यपालिका सदस्य (नगर प्रमुखले तोकेको) | सदस्य | १ |
| न्यायिक समिति (संयोजकले तोकेको) | सदस्य | १ |
| जिल्ला प्रहरी कार्यालयले तोकेको प्रतिनिधी | सदस्य | १ |
| OCMC/ स्वास्थ्य संस्थाको प्रतिनिधी | सदस्य | १ |
| संयोजकद्वारा तोकिएको सामुदायिक विद्यालयको प्रतिनीधि | सदस्य | १ |
| सेफ हाउसको प्रतिनिधी | सदस्य | १ |
| संयोजकद्वारा तोकिएको स्थानीय संघ/संस्थाको प्रतिनिधी | सदस्य | ५ |
| युवा क्लबको प्रतिनिधी (संयोजकले तोकेको) | सदस्य | २ |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव | १ |
| **कुल सदस्य संख्या** | | १५ |

**५. कार्यवधीः** दफा ४ बमोजिम गठन भएको मञ्च सदस्यहरुको कार्यकाल तिन (३) वर्षको हुनेछ तर संस्थागत प्रतिनिधित्व हुने पदमा संस्थाको अधिवेशन अनुसार परिवर्तन हुन सक्नेछ ।

**६. मञ्चको कार्यक्षेत्र र जिम्मेवारीः** दफा ४ बमोजिम गठन भएको मञ्चको कार्यक्षेत्र र जिम्मेवारी देहाय बमोजिम हुनेछ।

१. सुरक्षित र प्रभावकारी प्रेषण प्रणाली (Referral Mechanism) का लागि स्थानीय लैङ्गिक हिंसा सम्बन्धी सेवा प्रदायक, समुदाय तथा अग्रपंक्तिमा रहेर काम गर्ने व्यक्ति वा संस्थाहरु बीच समन्वय गर्ने ।
२. लैङ्गिक हिंसा सम्बन्धी स्थानीयस्तरको कार्यक्रमलाई प्रभावकारी ढंगले अनुगमन, सहजिकरण र समन्वय गर्ने।
३. प्रदेश समन्वय समिति (GBVRCC) र समुदाय स्तरका सरोकारवालाहरू तथा लक्षित वर्गहरूसँग सान्दर्भिक विषय तथा कामको लागि समन्वय गर्ने ।
४. स्थानीय तहबाट सञ्चालन गरिने लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम तथा सेवामा प्राविधिक सहयोग प्रदान गर्ने ।

५. पालिका स्तरमा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यको लागि पिडित तथा प्रभावित केन्द्रित अवधारणामा सामुदायिक संलग्नता प्रवर्द्धन गर्न पैरवी गर्ने ।

६. लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रमहरूको जानकारी लिने र दिने, साथै कार्यक्रमहरूलाई सुदृढ बनाउन सहयोग समर्थन/पृष्ठपोषण प्रदान गर्ने ।

७. लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि समुदायलाई सशक्त बनाउन आवश्यक भूमिका निर्वाह गर्ने ।

८. लैङ्गिक हिंसा न्युनीकरण र प्रतिकार्यका लागि समुदायस्तरमा भएका असल अभ्यासहरुलाई निरन्तरता दिन पहल र सहजिकरण गर्ने ।

९. आपतकालीन अवस्थामा लैङ्गिक हिंसा रोकथाम र समयमै प्रतिकार्य सुनिश्चित गर्न सम्पर्क व्यक्ति/स्थलको रूपमा कार्य गर्ने ।

१०. लैंगिक हिंसा विरुद्धका अभियानमुखी कार्यक्रमहरूमा सक्रिय रुपमा सहभागी भई सहयोग गर्ने ।

११. नगरपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोषको परिचालनमा सहजीकरण गर्ने ।

१२. सदस्यहरूले आ-आफ्नो क्षेत्रमा भईरहेका गतिविधि र कार्यक्रमबारे जानकारी दिने थलोको रूपमा मन्चलाई प्रयोग गर्ने साथै, लैङ्गिक हिंसा सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने र सेवा नक्सांकनको समीक्षा जस्ता विषयहरुमा छलफल गर्ने र पृष्ठपोषण गर्ने ।

१३. मञ्चले बैठकहरूमा प्राप्त अद्यावधिक जानकारीको आधारमा प्रतिवेदन वा सारांश सङ्कलन गर्ने ।

१४. मञ्चलाई सुझाव दिन विशेषज्ञ/ प्राविधिकलाई आमन्त्रण गर्ने ।

**७. मञ्चको कार्य सञ्चालन प्रक्रिया**

क. यस मञ्चको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ ।

ख. कार्ययोजना निर्माण र सोही मुताविक कार्यान्वयनका लागि सहजीकरण र समन्वय गर्ने ।

ग. मञ्चको क्रियाकलाप बारे प्रतिवेदन वा समिक्षा संकलन गरी स्थानीय सभा, अन्य सरोकारवालाहरु र GBVRCC जस्ता निकायहरुमा पेश गर्न सक्नेछ ।

घ. आवश्यकताको आधारमा मञ्चको विस्तार गर्न सकिनेछ ।

**८. मञ्च सम्बन्धी अन्य व्यवस्थाः** (१) मञ्चको सचिवालय नगर कार्यपालिकामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखामा रहनेछ र सचिवालयले सम्पूर्ण अभिलेख राख्नेछ ।

(२) मञ्च सदस्यहरुको बैठक भत्ता र अन्य सुविधा नगरपालिकाको अन्य समिति सदस्यले पाए सरह हुनेछ ।

## परिच्छेद -४
## विविध

**९. संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०८२/०८/०३

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत